# खत्याड गाउँपालिकाको आर्थिक ऐन,२०७९

**प्रस्तावना:**

खत्याड गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम खत्याड गाउँ पालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ : (क) यस ऐनको नाम खत्याड गाउँ पालिकाको आर्थिक ऐन, २०७९," रहेको छ ।

(ख) यो ऐन २०७९ साल श्रावण १ गते देखि खत्याड गाँउपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२) घरजग्गा कर (सम्पति कर) : खत्याड गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर जग्गा कर लगाई असुल उपर गरिनेछ ।

३) भुमिकर (मालपोत) : खत्याड गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमिकर (मालपोत) लगाइ असुल उपर गरिनेछ ।

४) बहाल कर : खत्याड गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, पोखरी पुरै वा आशिंक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल कर लगाइ असुल उपर गरिनेछ । )

५) व्यवसाय कर : खत्याड गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, वित्तिय तथा आर्थिक कारोवार, स्थान बिषेश र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइ असुल उपर गरिनेछ ।

६) जडीबुटी, कवाडी र जीवजन्तु कर : खत्याड गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइ असुल उपर गरिनेछ । तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लिखित व्यवस्था लागू हुने छैन ।

७) विज्ञापन कर : खत्याड गाउँपालिका क्षेत्रभित्र हुने सबै किसिमका विज्ञापनमा अनुसूची (६) बमोजिमको विज्ञापन कर लगाई असुल उपर गरिनेछ ।

८) मनोरञ्जन कर : खत्याड गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा अनुसूची (७) बमोजिमको मनोरञ्जन कर लगाइ असुल उपर गरिनेछ । )

९) बहाल बिटौरी शुल्क : खत्याड गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (८) मा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइ असुल उपर गरिनेछ ।

१०) सेवा शुल्क दस्तुर : खत्याड गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ ।

११) घरजग्गा रजिष्ट्रेशन शुल्क: खत्याड गाउँपालिका क्षेत्रभित्रका घर जग्गा रजिष्ट्रेशन गर्दा अनुसूची (९) मा उल्लेख भए बमोजिम रजिष्ट्रेशन शुल्क लगाइ असुल उपर गरिनेछ ।

१२) माछा कर : व्यवसायीक तथा व्यक्तिगत उपयोग गर्ने प्रयोजनका लागि खत्याड खोला तथा यसका सहायक खोलाहरुमा माछा मार्नु अघि अनुसूची (११) बमोजिमको कर लगाइ असुल उपर गरिनेछ ।

१३) कर तथा शुल्क संकलन कार्यविधि : यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी खत्याड गांउपालिकाले तोके बमोजिम हुनेछ ।

१४) अन्य व्यवस्था : खत्याड गाउँपालिका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरीवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ ।

१५) वन पैदावार शुल्क : सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानून बमोजिम कार्ययोजना बनाई निकालिएको काठ उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनका लागि बिक्री गरेमा त्यसरी बिक्री गरी प्राप्त भएको रकम मध्ये ४० प्रतिशत र सामुदायिक वन भित्रको आन्तरिक आम्दानीको ३० प्रतिशत रकम आर्थिक वर्ष २०७९/०८० मा वन पैदावार शुल्क बापत खत्याड गाँउपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

१६) नियम वा कार्यविधि बनाउन सक्ने: खत्याड गाउँ कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरु लाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

१७) कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**अनुसूची १**
**दफा (२) संग सम्बन्धित**
**घर जग्गाको मुल्याङ्कन दर**

आ.व. २०७९/०८० को लागि घरजग्गा कर निर्धारण गर्दा न्यायोचित, एवं तथ्य परक रुपमा गरिनेछ । जग्गा तथा घरको मूल्यांकन दरलाई स्थान र वनौटका आधारमा पुनरावलोकन गरि कार्यान्वयनमा ल्याईनेछ ।

| विवरण | दर प्रतिवर्ग मिटर/घर रु. | अनुमानित क्षेत्रफल व.मि. | अनुमानितआय दर |
|---|---|---|---|
| जग्गा | १ | २०००० | २०,००० |
| घर | २५ | १००० | २५००० |

**अनुसूची २**
**दफा (३) संग सम्बन्धित**
**मालपोतको दररेट**

| जग्गाको वर्ग | दर प्रतिवर्ग मिटर रु. | जरिवाना | अनुमानित क्षेत्रफल व.मि. | अनुमानितआय दर |
|---|---|---|---|---|
| अवल | ०.०६ | वार्षिक १० प्रतिशत | १०००० | ६०० |
| दोयम | ०.०५ | वार्षिक १० प्रतिशत | १५००००० | ७५००० |
| सिम | ०.०४ | वार्षिक १० प्रतिशत | २०००००० | ८०००० |
| चाहार | ०.०३ | वार्षिक १० प्रतिशत | ७५००००० | २२५००० |

**अनुसूची (३)**
**दफा (४) संग सम्बन्धित**
**बहाल करको दररेट**

खत्याड गाउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक तवरले बहाल दिएकोमा बहाल अंकको १० प्रतिशतका दरले बहाल कर संकलन गरीनेछ । संगठित संघ संस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा वसे वापत बहाल रकम बुझाउंदा श्रोतमै अग्रिम बहाल कर कटिट गरी दाखिला गर्नु पर्नेछ ।

बहाल कर निर्धारण प्रकिया :

खत्याड गाउँपालिका

१) बहालमा दिएका मितलाइ आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधि लाइ आधार लिइ बहाल कर बुझाउनु पर्नेछ ।
२) खत्याड गांउपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंम घोषणा गरेको वा सम्झौता पत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धाण गर्ने छौं ।

| अनुमानित घर वहाल | दर प्रति कोठाहरु | कर योग्य कुल मूल्य | वहाल कर | अनुमानित आय रु. |
|---|---|---|---|---|
| २०० | १५०० | २५०००० | १० प्रतिशत | २५००० |

अनुसूची (४)
दफा (५) संग सम्बन्धित
व्यवसाय करको दररेट

| कर आय | | विवरण | बार्षिक पुजिको आधरमा रु. | | | अनुमानित आय रु. पुजिका आधारमा | | | कुल अनुमाति आय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ लाख सम्म | १ देखि ५ लाख | ५ देखि माथि | १ लाख सम्म | १ देखि ५ लाख | ५ देखि माथि | |
| व्यापारिक वस्तु कर | | | | | | | | | |
| | | सिडी., डिभिडी बिक्री, भिडियो क्यासेट बिक्रीक्यासेट रिकर्डर, प्लेयर, रेडियो, डेक, फोन, घडी विक्रि तथा मर्मत विक्रितथामर्मत | ५०० | ७५० | १००० | ४००० | १५०० | | ५५०० |
| | | मोबाइल एसेसरिज बिक्रिपसल | ५०० | ७५० | १००० | ३००० | ३००० | ३००० | ९००० |
| | | पुस्तकपसल, स्टेशनरी | ५०० | [illegible] | १००० | ३००० | ३००० | १०००० | १८००० |
| | | कम्प्युटर, फोटोकपी, तथा अन्य इलेक्ट्रोनिक्स सामान विक्री | ५०० | ७५० | १००० | ३००० | ३००० | १०००० | १६००० |
| | | काठ चिरानी लगायत सामान्य लोकल फर्निचर | २००० | ५००० | १०००० | १०००० | १०००० | ३०००० | ५०००० |
| | | सिलाई केन्द्र | ५०० | ७५० | १५०० | ३००० | ३००० | ४५०० | १०५०० |
| | | रड, सिमेन्ट, जस्ता पाता, हार्डवेयर पसल | २५०० | ५००० | १०००० | ७५०० | २५००० | ५०००० | ८२५०० |
| | | औषधी पसल | १५०० | २००० | २५०० | ९००० | २००० | २५०० | १३५०० |
| | | भेटेनरी औषधी पसल | १५०० | २००० | २५०० | ३००० | २००० | २५०० | ७५०० |
| | | खाद्य पदार्थ/किराना पसल कोल्ड ड्रिक समेत | १५०० | १७५० | २००० | २०००० | ५०००० | १००००० | १७०००० |
| | | तरकारी, फलफूल पसल | ५०० | ७५० | १००० | २००० | ३००० | | ५००० |
| | | दूध, दही, घिउ, तेल बिक्रि पसल | ५०० | ७५० | १००० | २००० | ३००० | | ५००० |
| | | भाडा कुडा पसल | १५०० | १७५० | २००० | ३०००० | २०००० | ४००० | ५४००० |
| | | सुन चाँदि पसल | १५०० | २५०० | ५००० | ६००० | ५००० | १०००० | २६००० |
| कर आय | विशेषज्ञ तथा परामर्श सेवा | | | | | | | | |
| | | वकिल | २००० | २५०० | ५००० | | | ५००० | ५००० |
| | | लेखा परीक्षक | २५०० | २७०० | २५०० | | | ५००० | ५००० |
| | | अनुसन्धान कर्ता तथा परामर्श दाता | १५०० | १७५० | २५०० | | | १०००० | १०००० |
| | | सर्भेयर / ईन्जिनियरिङ कन्सल्टेन्सी | | | २५०० | | | १८००० | १८००० |
| | | ढुवानी कर्ता कम्पनी | २५०० | २७५० | ५००० | | | १०५००० | १०५००० |
| कर आय | उत्पादन मुलक उद्योग | | | | | | | | |
| | | कोरा माल वा खेर गइरहेको माल सामानको प्रयोग वा प्रशोधन गरी उत्पादन गर्ने उद्योग व्यवसायमा | ५०० | ७५० | १५०० | ६००० | | | ६००० |
| | | खाद्यान्न मिल | | १७५० | | | | २०००० | २०००० |
| | | कृषि वा वन पैदावारमा आधारित वा अन्य उत्पादन मूलक उद्योग | | | २५०० | | | २०००० | २०००० |
| कर आय | पर्यटन उद्योग | | | | | | | | |
| | | लज गेष्ट हाउस | १५०० | | | ५०००० | | १००००० | १००००० |
| कर आय | सेवा व्यवसाय | | | | | | | | |
| | | फोटो स्टुडियो | ५०० | | | ४००० | | | ४००० |
| | | फेस हाउस | ५०० | | | ४००० | | | ४००० |
| | | छाप तथा छापाखाना | १००० | २००० | ३००० | | २००० | ३००० | ५००० |
| कर आय | वित्तिय सेवा व्यवसाय | | | | | | | | |
| | | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको कार्यालय | २५०० | ५००० | २०००० | | | २०००० | २०००० |
| | | सहकारी संस्था | १५०० | २५०० | १०००० | ६०००० | २०००० | १२०००० | २००००० |
| | | बीमा कम्पनी शाखा | | | ५००० | | | ५००० | ५००० |

3190

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कर आय | स्वास्थ्य सेवा व्यवसाय | | | | | | | २५००० | २५००० |
| | | सामुदायिक वा गैर सरकारी अस्पताल | | | २५००० | | | १०००० | १०००० |
| | | ल्किनिक तथा ल्याब | | | १०००० | | | | |
| कर आय | शैक्षिक सेवा | | | | | | | १५००० | १५००० |
| | | क्याम्पस | | | १५००० | | | ५००० | ५००० |
| | | तलिम तथा अनुसन्धान केन्द | | | ५००० | | | ५००० | ५००० |
| | | कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | | | ५००० | | | ३०००० | ३०००० |
| | | नीजि विद्यालय प्राविधिक | | | ५००० | | | | |
| ऋाय | अन्य सेवा | | | | | | ३००० | | ३००० |
| | | साईन बोर्ड बनाउने पेन्टिङ सेवा | | १००० | | | | २४००० | २४००० |
| | | विरुवा विक्रेता (नर्सरी) | १५०० | १५०० | २००० | | | | १०००० |
| | | निर्माण सेवा | २०००० (घ ) | | १००००० | १००००० | | | |
| कर आय | उर्जा मुलकउद्योग | | | | | | | १००००० | १००००० |
| | | हाइड्रो पावर | २५०० | २७५० | २००० | | | १००००० | १००००० |
| | | सोलार बिक्रि | २५०० | २७५० | २०००० | | | | १७०६५०० |

अनुसूची (५)
दफा (६) संग सम्बन्धित
जडिबुटी, कवाडी माल करको दररेट

खोटो, जडिबुटी, बनकस, कवाडी माल, जीवित जन्तु बाहेकका अन्य मृत वा मारिएका जीब जन्तुको हाड, सिङ., प्वाखँ, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत जडीबुटी, कवाडी र जीबजन्तु कर लाग्नेछ ।

क) तामा जन्य सामानका लागि प्रति किलोग्राम रु ५०, = (6qt*5000= 30000)
ख) फलाम जन्य सामानका लागि प्रति किलोग्राम रु ५, = ( 10qt*500=5000)
ग) सिलपट, स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु १०= (20qt*1000=20000)
घ) अन्यका हकमा प्रतिकिलो ग्राम रु १० = (250qt*1000=250000)

अनुसूची (६)
दफा (७) संग सम्बन्धित
विज्ञापन करको दररेट

क) विज्ञापन कर निम्नानुसार हुने :
१) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइने छैन ।
२) बाटोको सीमाना देखि दश फिट भित्र तथा संधियारको सिमाना देखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाइने छैन ।
३) भवन, जमिन, व्यापारिक वाव्यवसायीक केन्द्र, होटल वा रेष्टुरेण्ट, विद्यालय वा जुन सुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन ।

ख) विज्ञापन करको दर :
१) होर्डिङ्ग बोर्ड र फलेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रतिवर्ष प्रति होर्डिङ्गबोर्ड रु एक सय, (50*100= 5000)
२) खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम पन्ध्र दिनका लागि प्रतिदिन रु. एक सयका दरले (10*100= 1000)

अनुसूची (७)
दफा (८) संग सम्बन्धित
मनोरञ्जन करको दररेट

कुनै संस्था, कम्पनि वा व्यक्तिले मेला वा मनोरन्जन प्रदायक कार्यकम सञ्चालन गराए बापत दैनिक १००० वा मासिक रु पाँचहजार मनोरन्जन कर असुल उपर गरिनेछ । (2*500= 1000)

अनुसूची (८)
दफा (९) संग सम्बन्धित
बहाल विटौरी करको दररेट

खत्याड गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका सार्वजनिक ऐलानी प्रर्ति जग्गा वा भवन वा हाडबजार वा पसल वा सडक वा बाटो किनारामा स्थान मूल्याकङ्कन गरी रु. १००० देखी रु. २५०० सम्म बहाल विरौटी शुल्क लगाई असुल उपर गरिने छ । (30*1000= 30000)

अनुसूची -९)
दफा (१० र ११ ) संग सम्बन्धित
सेवा शुल्क तथा घर जग्गा रजिष्ट्रेशन दस्तुर

| क्र.सं | विवरण | आ.व.०७९/०८० का लागि करको दर | आ.व.०७९/०८० का लागि अनुमानित परिणाम | आ.व.०७९/०८० का लागि कुल अनुमानित आय | कैफियत |
|---|---|---|---|---|---|
| १ | घरजग्गा रजिष्ट्रेसन तथा नामसारी सिफारिस | ५०० | २०० | १००००० | |
| २ | घर कर | ५० | ३०७८ | १५३९०० | |
| ३ | घर कायम सिफारिस | १००० | १०० | १००००० | |
| ४ | छात्रबृत्ति शिफारिस | १०० | १५० | ५००० | |
| ५ | विपन्न विद्यार्थी छात्रबृत्ति शिफारिस | ० | ० | ० | |
| ६ | अपांग सिफारिस | ० | ० | ० | |
| ७ | अस्थायी बसोबास सिफारिस | ० | ० | ० | |
| ८ | स्थायी बसोवास सिफारिस | १००० | ५० | ५०००० | |
| ९ | नगारिकता सिफारिस | १०० | ३०० | ३०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | आर्थिक अवस्था सम्बन्धी सिफारिश (बलियो) | ५००० | ५ | २५००० | |
| ११ | आर्थिक अवस्था सम्बन्धी सिफारिश (कमजोर) | ५० | २०० | १०००० | |
| १२ | जन्म मिति शंसोधन सिफारिस | १०० | १०० | १०००० | |
| १३ | जग्गा मूल्यांकन सिफारिस | ५०० | १०० | ५०००० | |
| १४ | व्यवसाय तर्दा सिफारिस | ५०० | १०० | ५०००० | |
| १५ | व्यवसाय सञ्चालन नभएको सिफारिस | २०० | १० | २००० | |
| १६ | नावालक सम्वन्धी सिफारिस | ५० | २५० | १२५०० | |
| १७ | उद्योग ठाउसारी सिफारिस | १००० | ५ | ५००० | |
| १८ | विद्यालय ठाउंसारी सिफारिस (निजी) | ३००० | ३ | ९००० | |
| १९ | आन्तरीक बसाई सराई सिफारिस | १००० | ५० | ५०००० | |
| २० | विद्यालय कक्षा बृद्धि, सिफारिस (निजी) | १५००० | ५ | ७५००० | |
| २१ | पूर्व प्राथामिक विद्यालय खोल्ने सिफारिस/अनुमति | १५००० | ५ | ७५००० | |
| २२ | व्यक्तिगत विवरण सिफारिस | १०० | ५० | ५००० | |
| २३ | जग्गा दर्ता सिफारिस | १००० | ५० | ५०००० | |
| २४ | विद्यालय वा संकाय बृद्धि सिफारिश | ५००० | ५ | २५००० | |
| २५ | कित्ताकाट सिफारिस (प्रतिकित्ता ) | १०० | ५०० | ५०००० | |
| २६ | सरकारको नाममा बाटो कायम सिफारिस | १०० | ५ | ५००० | |
| २७ | नाता प्रमाणित सिफारिस (नेपाली) | १०० | ५०० | ५०००० | |
| २८ | नि:शुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | ५० | ५००० | |
| २९ | संस्था दर्ता सिफारिस | ३००० | २५ | ७५००० | |
| ३० | समुह दर्ता सिफारिस | ३०० | १०० | ३०००० | |
| ३१ | घर बाटो प्रमाणित | ५०० | १० | ५००० | |
| ३२ | चार किल्ला प्रमाणित | १००० | ३० | ३०००० | |
| ३३ | जन्ममिति प्रमाणित | १०० | २०० | २०००० | |
| ३४ | विवाह प्रमाणित | ५०० | १०० | ५०००० | |
| ३५ | घरधुरी प्रमाणित | ५०० | १०० | ५०००० | |
| ३६ | फरक फरक जन्ममिति प्रमाणित/शिफारिस | १०० | २० | २००० | |
| ३७ | अन्य प्रमाणित | १०० | ५०० | ५०००० | |
| ३८ | अविवाहित प्रमाणित | १००० | १० | १०००० | |
| ३९ | जग्गाधनी पूर्जा हराएको शिफारिस | ५० | ५० | २५०० | |
| ४० | मिलापत्र कागज गराउने | १००० | ५० | ५०००० | |
| ४१ | योजना माग शिफारिस | २०० | ५०० | १०००० | |
| ४२ | योजना फरफारक शिफारिस | १००० | ३०० | ३००००० | |
| ४३ | जन्म/मृत्यु/विवाह/बसाई सराई/सम्बन्ध विच्छेद दर्ता (३५ दिन भित्र नि:शुल्क, त्यस पछि रु.५० ) | ५० | १०० | ५००० | |
| ४४ | प्रमाणिकरण (भेरिफिकेसन) | ५०० | २०० | १००००० | |
| ४५ | जग्गा रजिष्ट्रेशन शुल्क शिफारीस | कुल मूल्यको ५ प्रतिशत | | ५००००० | |
| | | | | २२३२९०० | |

**अनुसूची (१०)**
**दफा (१२) संग सम्बन्धित**
**माछा कर**

व्यवसायीक तथा व्यक्तिगत उपयोग गर्ने प्रयोजनका लागि खत्याडी खोला तथा यसका सहायक खोलाहरुमा माछा मार्नु अघि तपशिल बमोजिमको कर लगाइ असुल उपर गरिनेछ ।

| कर आय | | विवरण | पुजिका आधारमा रु. | | | अनुमानितआय रु. पुजिकाआधारमा | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५ के.जि. सम्म | ५ देखि १५ के.जि. | १५ देखि माथि | १ लाख सम्म | १ देखि ५ लाख | ५ देखि माथि | अनुमातिआय |
| व्यापारिक वस्तु कर | | | | | | | | | |
| | | माछा मार्ने प्रयोजनका लागि | १०० | २५०० | ५००० | १०००० | १०००० | ० | २०००० |

**अनुसूची (११)**
**दफा १५ संग सम्बन्धीत**
**जरिवाना**

खत्याड गाउँपालिका क्षेत्रभित्र करका दायरा भित्र आउन अटेर गर्ने, निषेधित तथा प्रचलित कानुन बिपरीतका कार्य गर्नेलाई पहिलो पटक रु ५०० जरिवाना गरिनेछ । पटके रुपमा पक्राउ पर्नेका हकमा माथि उल्लेखित जरिवानामा प्रत्येक पटक दोव्बर जरीवाना हुने छ । यस प्रकारका कार्यमा खटिने कर्मचारीहरु संग फिल्डमा अनावश्यक बिबाद गरेमा सो प्रकृती अनुसारको थप कारवाही तथा जरिवाना गरिने छ । (100*500= 50000)